सिस्ने गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रुकुमकोट, रुकुम (पूर्वी भाग)
लुम्बिनी प्रदेश, नेपाल
Google Plus Code: JJ8G+QXG, Rukumkot 22000

सु.नं. :- 90

बेपत्ता भएको व्यक्तिको विवरण सार्वजनिक गरिएको तथा दावी विरोध पेस गर्ने सम्बन्धी सूचना ।
(सूचना प्रकाशित मिति : २०८३/०७/१२ गते)

मिति २०८३ भदौ १० गते रसुवा जिल्लामा आएको बाढीका कारण बेपत्ता भएका व्यक्तिहरूको विवरण सङ्कलन गर्ने सम्बन्धमा यस गाउँपालिका र सम्बन्धित वडा कार्यालयबाट मिति २०८३कार्तिक ९ गतेका दिन ३(तिन) दिने सार्वजनिक सूचना प्रकाशन गरी सम्बन्धित वडा कार्यालयमार्फत विवरण सङ्कलन गरिएकोमा प्राप्त विवरणउपर आवश्यक छानबिन तथा प्रमाणीकरण गर्ने प्रयोजनका लागि देहायबमोजिमका व्यक्तिहरूको विवरण सार्वजनिक गरिएको छ।

उक्त विवरणमा कुनै व्यक्तिको नाम, थर, ठेगाना वा अन्य विवरण फरक परेको भएमा, विवरण छुटेको भएमा वा प्रकाशित विवरणउपर कसैको कुनै दावी विरोध रहेको भएमा यो सूचना प्रकाशित भएको मितिले ३ (तीन) दिन अर्थात मिति २०८३/०७/१५ गते कार्यालय समयभित्र आफ्नो दावी पुष्टि हुने आवश्यक प्रमाण तथा कागजातसहित यस गाउँपालिकाको कार्यालयमा वा सम्बन्धित वडा कार्यालयमा लिखित निवेदन पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

साथै तोकिएको समयअवधिभित्र कुनै दावी विरोध प्राप्त नभएमा नियमानुसार आवश्यक कारवाही अगाडि बढाइने व्यहोरा समेत जानकारी गराइन्छ।

सङ्कलित विवरण :

क्र.सं.	बेपत्ता भएको व्यक्तिको नाम थर	स्थायी ठेगाना	उमेर	बाबु/बाजेको नाम	बेपत्ता भएको मिति	विवरण संकलन गर्ने वडा
१	मनराज घर्ति	सिस्ने-४	६२	(धनजित/जग्वा) घर्ति	२०८३।०५।१०	४ नं वडा कार्यालय
२	यकमाया के.सी.	सिस्ने-४	४६	(मोहबिर/वलु) पुन मगर	२०८३।०५।१०	४ नं वडा कार्यालय

नोटः थप विवरण आवश्यक भएमा गाउँपालिकाको कार्यालय वा सम्बन्धित वडा कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ।

२०८३।७।१२
(मगनसिंह बुढा)
नि. प्रमुख प्रशासकीय अधिकृत